फोन नं.०१-५५३४८२५
मिति : २०६७।०४।१९

**सबै जिल्ला अदालतहरु**

**विषय :–फैसला कार्यान्वयन प्रभावकारी वनाउने सम्वन्धमा ।**

सर्वोच्च अदालत र मातहत अदालतबाट भएको फैसला अन्तिम आदेशको कार्यान्वयन तथा फैसला कार्यान्वयन सम्वन्धमा मातहतका अदालत र अर्धन्यायिक निकायहरुलाई नीतिगत निर्देशन दिन सर्वोच्च अदालत अर्न्तगत रहने यो निर्देशनालयले न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको फैसला कार्यान्वयन गर्ने २ नं. मूल कार्य सम्पन्न गर्ने अभिभारा पूरा गरी फैसला कार्यान्वयन सम्बन्धी केन्द्रीय निकायको रुपमा काम गर्नका लागि सम्माननीय प्रधान न्यायाधीशज्यूको मिति २०६६।२।२७ को निर्णयबाट खडा गरिएको फैसला कार्यान्वयन निर्देशनालयको कानूनी व्यवस्था मिति २०६७।०४।०३ मा सर्वोच्च अदालत नियमावली, २०४९ मा गरिएको एघारौं संशोधनबाट भएको व्यहोरा सहर्ष अनुरोध छ ।

त्यसको अतिरिक्त कैद , जरीवाना र सरकारी विगोको पुराना लगतहरु सकेसम्म चाँडो असुल उपर गर्ने वा मिन्हा दिएर फछ्यौट गर्ने गराउने प्रकृया सरल वनाउन एकातिर जिल्ला अदालत नियमावलीलाई सोही मितिमा आठौं संशोधन गरिएको छ । अर्कोतिर सम्वन्धित पुनरावेदन अदालतबाट गरिने निरीक्षणको क्रममा फैसला कार्यान्वयन सम्वन्धी निर्देशन र परिपत्र बमोजिमको काम समय समयमा सम्पन्न भएको छ छैन हेर्नको लागि पुनरावेदन अदालत नियमावली, २०४८ लाई सोही मितिमा दशौं संशोधन गरिएको छ ।

जिल्ला अदालत (संशोधन सहित) नियमावली, २०५२ को नियम ६८ को उपनियम (१) ले फैसला कार्यान्वयन गर्नुपर्ने सम्वन्धी सम्पूर्ण काम तहसिलदारको जिम्मेवारीमा तहसिल शाखाबाट हुने र नियम ६(३) ले तहसिल शाखा श्रेस्तेदारको प्रत्यक्ष नियन्त्रणमा रहने व्यवस्था गरेको छ भने सोही नियमावलीको नियम ८६ को उपनियम (१) ले अदालतको फैसलाले लागेको दण्ड, जरीवाना र कैदको लगत दुरुस्त राख्न लगाउने र सोही लगत बमोजिम असुल तहसिल गराउने अन्तिम जिम्मेवारी न्यायाधीशको हुन्छ भन्ने व्यवस्था गरेकोले तहसिलदार, श्रेस्तेदार र जिल्ला न्यायाधीशले फैसला कार्यान्वयनको लागि जिम्मेवारी र उत्तरदायित्व बहन गर्नुपर्ने अवस्था छ ।

त्यसकारण अदालतमा रहेको नगद धरौट वा जेथा जमानतबाट जरीवाना सदरस्याहा गर्ने, मुद्दाको रोहमा दाखिल भएका भारतीय ५००।- तथा १०००।- रुपैयाँका दरका सक्कली नोट र सटही नहुने अन्य सक्कली विदेशी मुद्रालाई सुरक्षितसाथ राख्न नजिकको नेपाल राष्ट्र बैंकमा पठाउने र जरीवाना वापत असुल गरी ल्याएको रकम प्रथमतः धरौट खातामा राखी सो बाट कानून बमोजिम प्रोत्साहन रकम, पुरस्कार र कर कट्टी गरी भुक्तानी दिई बाँकी रकम राजस्वमा दाखिला गर्ने पद्धतिमा एकरुपता कायम गर्नु हुन अनुरोध छ ।

विगो, वण्डा, चलन र अन्य प्रकृतिको भरीभराउको विषयमा पर्न आउने निवेदनहरु उपर पनि सकेसम्म न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले निर्धारण गरेको समयावधिभित्र काम सम्पन्न गर्नु गराउनु हुन अनुरोध छ ।

तसर्थ माननीय जिल्ला न्यायाधीशज्यूले सहकर्मी अन्य माननीय न्यायाधीशज्यूहरुसँग पनि सहयोग लिई जिल्ला न्यायक्षेत्र समन्वय समितिको बैठक, अदालत व्यवस्थापन समितिको बैठक, लगत फछ्र्यौट समितिको नियमित बैठक, श्रेस्तेदार र तहसिलदारलाई दिने निर्देशन र स्टाफ मिटिङको निर्णयका अतिरिक्त सम्वन्धित वारका पदाधिकारीसँग लिइने सल्लाहको माध्यमबाट समेत फैसला कार्यान्वयन सम्वन्धमा अन्य सरोकारवालाहरुसँग समन्वय कायम गरी यथाशक्य चाँडो लगत असुल उपर गर्ने , मिन्हा दिने दसीका मालसामान फिर्ता , लिलाम र जफत गर्ने तथा लगत , नगद जेथा र जिन्सीको अभिलेख अद्यावधिक राख्न लगाउने काममा निरन्तर सक्रिय सहयोग गर्नु हुन अनुरोध छ । साथै फैसला कार्यान्वयन प्रतिको संलग्नता र प्रगतिलाई दृष्टिगत गरी न्यायाधीश र अन्य कर्मचारीहरुको दक्षता वृद्धि सम्वन्धी मूल्यांकनको आधार बनाइने गरी न्यायपरिषद सचिवालय तथा न्याय सेवा आयोग सँग समन्वय भैरहेको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

यज्ञ प्रसाद बस्याल

**बोधार्थ :**
श्री सर्वोच्च अदालत,
प्रशासन महाशाखा ।

सर्वोच्च अदालत,
अनुगमन तथा निरीक्षण महाशाखा ।

श्री न्यायपरिषद सचिवालय
सर्वोच्च अदालत एनेक्स भवन ।

श्री पुनरावेदन अदालत
………………।